बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल
भरतपुर, चितवन

कार्यकारी निर्देशक पदको लागि आवेदन आह्वान सम्बन्धी सूचना

प्रकाशित मिति : २०८३/०६/१३

बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ (संशोधन सहित) को दफा १२ तथा बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल कार्य सञ्चालन तथा व्यवस्थापन नियमावली, २०६६ को नियम १४ बमोजिम अस्पतालको रिक्त कार्यकारी निर्देशक पदमा नियुक्तिका लागि देहायको योग्यता भएका इच्छुक तथा योग्य नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र online आवेदन पेश गर्न यो सूचना प्रकाशित गरिको छ। आवेदन फाराम अस्पतालको वेबसाइट www.bpkmch.gov.np मा उपलब्ध छ। आवेदन फाराम भरेर Scan गरी आवश्यक सम्पूर्ण कागजातहरु सहित PDF Format मा Attach गरी bpkmchinfo@gmail.com मा ईमेल गर्नु पर्नेछ ।ईमेल गर्दा सम्पूर्ण Attachment को Size 20MB भित्र हुनुपर्नेछ । ।तोकिएको समयावधिभित्र प्राप्त नभएका तथा आवश्यक कागजात नपुगेका आवेदनहरु स्वीकार गरिने छैन। विस्तृत सूचना एवं विवरण www.bpkmch.gov.np मा हेर्न सकिनेछ ।बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल कार्यसञ्चालन तथा व्यवस्थापन नियमावली, २०६६ को नियम १५(३) बमोजिम कार्यकारी निर्देशक पदका लानि देहायको योग्यता पुगेका उम्मेदवारले आवेदन दिन सक्नेछन् :–

१. आवश्यक योग्यता :–

(क) अस्पतालमा कार्यरत कन्सल्टेन्ट चिकित्सक,वा

(ख) क्यान्सरको कुनै विधामा स्नातकोत्तर उपाधि हासिल गरी नेपाल मेडिकल काउन्सिलमा विशेषज्ञको रूपमा दर्ता भई कम्तीमा १० वर्ष काम गरेको चिकित्सक,वा

(ग) अन्य चिकित्साको विधामा स्नातकोत्तर उपाधि हासिल गरी सरकारी सेवा वा नेपाल सरकारको स्वामित्व रहेको स्वास्थ्य संस्थाको क्यान्सर युनिटमा कम्तीमा १२ वर्ष कार्यानुभव प्राप्त गरेको चिकित्सक

२. उम्मेदवारले प्रचिलत कानून बमोजिम नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाण पेश गर्नुपर्नेछ।

३. अस्पतालको नियम १४(३) बमोजिम ६० वर्ष पुरा नभएको हुनुपर्नेछ ।

४. आवेदनसाथ देहायका कागजातहरुको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ :

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ख) शैक्षिक योग्यताको प्रमाणपत्र तथा लब्धाङ्कपत्रहरुको प्रतिलिपि ।

(ग) सम्बन्धित विषयमा स्नातकोत्तर उपाधिको प्रमाणपत्र।

(घ) नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको प्रमाणपत्र।

(ङ) चिकित्सकीय तथा सम्बन्धित कार्यानुभव खुल्ने प्रमाणपत्र।

(च) हाल कार्यरत भए सम्बन्धित संस्थाको सेवा/पद प्रमाणित हुने कागजात।

(छ) व्यक्तिगत विवरण (Bio-data/CV।

(झ) हालसालै खिचिएको पासपोर्ट साईजको फोटो २ प्रति।

(ञ) स्वघोषणा/स्वघोषणापत्र।

- उच्च नैतिक चरित्र भएको हुनुपर्नेछ ।
- कुनै राजनीतिक दलको सदस्य नभएको हुनुपर्नेछ ।
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कैदको सजाय नपाएको हुनुपर्नेछ ।

- संस्थासंग कुनै स्वार्थ भएको वा नभएको उल्लेख भएको हुनुपर्नेछ ।

५. कार्यपत्र (Concept/Action Paper) पेश गर्नुपर्ने

आवेदकले अस्पतालको वर्तमान अवस्था, चुनौती, अवसर तथा कार्यदिशालाई समेटी "बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालको संस्थागत सुदृढीकरण, गुणस्तरीय क्यान्सर उपचारको सेवा विस्तार तथा व्यवस्थापन सुधार सम्बन्धी कार्यपत्र" तयार गरी आवेदनसाथ पेश गर्नुपर्नेछ।

कार्यपत्रमा कम्तीमा देहायका बिषयहरु समावेश हुनुपर्नेछ :–

- अस्पतालको वर्तमान अवस्था तथा प्रमुख चुनौतीहरु।
- क्यान्सर उपचार सेवाको गुणस्तर तथा पहुँच अभिबृद्धि।
- अस्पतालको प्रशासनिक तथा वित्तीय व्यवस्थापन सुधार।
- मानव स्रोत व्यवस्थापन तथा क्षमता विकास।
- आधुनिक क्यान्सर उपचार प्रविधि तथा सेवा विस्तार।
- बिरामीमैत्री सेवा तथा अस्पतालको सेवा प्रवाह सुधार।
- अनुसन्धान,शिक्षण तथा तालिमको विकास।
- अस्पतालको आय–व्यय तथा स्रोत परिचालन सुधार।
- राष्ट्रिय तथा अन्तरराष्ट्रिय संस्थासंग सहकार्य र समन्वय।
- आगामी ३ वर्षको रणनीतीक कार्ययोजना ।
- कार्ययोजना कार्यान्वयनका लागि आवश्यक स्रोत, समयसीमा तथा अपेक्षित उपलब्धि।

६.अन्य शर्तहरु

१. रीत नपुगेको, म्याद नाघेको वा झुट्टा विवरण सहित पेश भएको आवेदन उपर कुनै कारबाही गरिने छैन।

२. उम्मेदवारले पेश गरेका प्रमाणपत्र तथा विवरण आवश्यक परेमा सम्बन्धित निकायबाट रुजु गर्न सकिनेछ।

३. कुनै कारण जनाई वा नजनाई विज्ञापन रद्द गर्ने वा आवेदन संख्या/म्याद सम्बन्धमा आवश्यक निर्णय गर्ने अधिकार अस्पताल सञ्चालक समितिमा निहित रहनेछ।

४. छनोट प्रक्रिया तथा नियुक्ति सम्बन्धी अन्य विषय प्रचलित ऐन, नियमावली तथा अस्पतालका स्वीकृत निर्णय बमोजिम हुनेछ।

५.आवेदन फाराम पेश गर्ने सम्बन्धमा थप जानकारी अस्पतालको प्रशासन शाखाबाट प्राप्त गर्ने सकिनेछ।